# प्रेस विज्ञप्ति

प.सं. च.नं./Ref:

मिति २०७३।१२।०२

## महान्यायाधिवक्तासंग छलफल

काठमाडौं, चैत २ । निर्वाचन आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव सहित माननीय आयुक्तहरुले बुधवार कान्तिपथस्थित आयोग कार्यालयलमा महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठ र नायव महान्यायाधिवक्ता किरण पौडेलसंग निर्वाचनमा भागलिने दलहरुले प्राप्त गर्ने निर्वाचन चिन्ह र दलहरुको मर्यादाक्रमका विषयमा छलफल गर्नुभयो ।

त्यस अवसरमा महान्यायाधिवक्ता श्रेष्ठले संसदमा प्रतिनिधित्व गरेको दलका सांसदले नयाँ दल गठन गरे पनि आयोगमा दर्ता रहेको पुरानो दलले पनि निर्वाचन चिन्ह प्राप्त गर्ने र मतपत्रमा स्थानीय तह निर्वाचन ऐन २०७३ अनुसार मर्यादाक्रम कायम रहने सुझाव दिनुभयो ।

महान्यायाधिवक्ता श्रेष्ठले राजनीति दल एकीकरण भएमा एकीकृत दलले मान्यता पाउने कानूनी व्यवस्था रहेको जानकारी आयोगलाई गराउनुभयो ।

छलफल कार्यक्रममा माननीय आयुक्तहरु इला शार्मा, नरेन्द्र दाहाल, ईश्वरी पौड्याल, सुधीरकुमार शाह  आयोगका सचिव गोपीनाथ मैनाली, सहसचिवहरु दीपक सुवेदी, सूर्यप्रसाद शर्मा, सुशील कोइरालाको उपस्थिति थियो ।

सूर्यप्रसाद शर्मा
(सहसचिव एवं प्रवक्ता)



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np